# स्थानीय राजपत्र


गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ७) गोकर्णेश्वर, चैत्र १५ गते, २०८० साल संख्याः १३


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८०


मूल्य रु १०।

# गोकर्णेश्वर नगरपालिकाको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८०

## १. प्रस्तावना:

बागमती प्रदेश सरकारबाट स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्नजारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" मा गरिएको तह बद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा २२ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## २. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## ३. परिभाषा:

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **“ऐन“ भन्नाले बागमती प्रदेशले जारी गरेको “स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९**“ लाई सम्झनु पर्दछ ।

(ख) **“नगरपालिका“** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ ।

(ग) **“प्रमुख प्रशासकीय अधिकृत“** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) **“प्रदेश“** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) **“प्रदेश लोक सेवा आयोग“** बागमती प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) **“मन्त्रालय“** भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

(छ) **“समायोजन ऐन“** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ज) **“स्थायी पद“** भन्नाले निबृत्तभरण वा योगदान मूलक निवृत्तभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(झ) **“तहबृद्धि“** भन्नाले बागमती प्रदेश सरकारले स्थानीय तहका सेवाको गठन तथा सञ्चालन

सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको"स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" बमोजिम तह बृद्धि/स्तर बृद्धि हुन योग्य कर्मचारीहरुको तह बृद्धि/स्तर बृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ञ) **"समिति"** भन्नाले दफा ५ को उपदफा (१) बमोजिम तह बृद्धिका लागि गठित समिलाई सम्झनु पर्दछ।

(ट) **"अख्तियारवाला"** भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ।

(ठ) **"स्थानीय तह"** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ।

## ४. सूचना प्रकाशन गर्नेः

(१) ऐनको दफा ९ र दफा ३० बमोजिम तह बृद्धि हुन यस कार्यविधिको दफा ६ बमोजिम न्यूनतम शैक्षिक योग्यता तथा सेवा अवधि हासिल गरेका स्थानीय तहका कर्मचारीले सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित तह बृद्धिका लागि निवेदन दिनुपर्नेछ।

(क) अनुसूची १ बमोजिमको निवेदन।

(ख) सेवा अविधि खुल्ने नियुक्ति/बढुवा/तह बृद्धि पत्रको प्रतिलिपि ।

(ग) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

(घ) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि ।

(च) सजाय भएको वा गयल कट्टी भएको छैन भनि कर्मचारी स्वयंले घोषणा गरेको निवेदन ।

(छ) सजाय वा गयल कट्टी नभएको कर्मचारी प्रशासन शाखाबाट प्रमाणित कागजात ।

## ५. सिफारिस समितिः

(१) दफा ६ को उपदफा (१) बमोजिम तह बृद्धिका लागि देहाय बमोजिमको एक तह बृद्धि वा पदपूर्ती सिफारिस समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको तीन जना अधिकृतस्तरका कर्मचारी-सदस्य

(ग) प्रशासन शाखा प्रमुख- सदस्य-सचिव

(२) समितिको बैठकमा शाखा प्रमुखहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) यस कार्यविधि बमोजिम तह बृद्धि हुन योग्यता पुगेका ईच्छुक कर्मचारीहरुको लागि आवेदन पेशगर्नसूचना प्रकाशित गर्ने,

(ख) सूचना अवधि भित्र आवेदक पेश गर्ने कर्मचारीहरुको कागजातहरुको अध्ययन गरी योग्यता पुगेका कर्मचारीहरुकोतह वृद्धिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने।

## ६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः

(१) स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछः

| **क्र.सं.** | **हाल को तह** | **तह बृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | *स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा* | *स्थानीय स्वास्थ्य सेवा* |
| १ | चौथो | पाँचौं | एस.एल.सी. वा सो सरह उतीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ४ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**७. तह बृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

निजामति सेवा बाहेकका अन्य सेवाबाट साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति भई स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको यस कार्यबिधिको दफा ४,५र ६ अनुसार तह/स्तर बृद्धि गरिनेछ ।

**८. ज्येष्ठता कायमः**

तह बृद्धि हुने कर्मचारीको ऐनको दफा ३० को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण एक गते र माघको एक गतेबाट जेष्ठता कायम हुनेछ ।

**९. बाधा अड्काउ फुकाउनेः**

कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगरपालिकामा रहनेछ ।

**१०. तह वृद्धि गर्न नहुने वा तह बृद्धि रोक्का हुनेः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर तह बृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह बृद्धि समेत रोक्का गरिनेछः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धिरोक्का भएकोमा तलब वृद्धि रोक्का भएको भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ३६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असधारण विदा वा बेतलबि अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर ।

**११. जानकारी दिनुपर्ने:**

यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र प्रदेश कितावखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा दिनु पर्नेछ ।

**१२. उजुरी/गुनासो:**

तह वृद्धिको निर्णय उपच चित्त नवुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएको विषय यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

दफा ४ को उपदफा १ सँग सम्बन्धित

***तह वृद्धि/कायम हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा***

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं ।

**विषयःतह/स्तर वृद्धि गरिपाउँ ।**

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारबाट स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न मिति २०७९/११/१८ गते जारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" एवं गोकर्णेश्वर नगरपालिकाबाट जारी गरिएको "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८०" मा भएको व्यवस्था बमोजिम तह वृद्धि गरिदिनु हुनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिलः

१.

२.

३.

४.

५.

*निवेदक*

कर्मचारीको नाम, थरः
कर्मचारी सं.नं.
सेवा/समूह/उपसमूहः
तहः

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१२।०७
प्रमाणिकरण मिति :२०८०।१२।०९
प्रकाशित मिति : २०८०।१२।१५

आज्ञाले,
टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत